# देवघाट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

देवघाट, तनहुँ
गण्डकी प्रदेश, नेपाल

फोन: ०५६-५०००६८, ०५६-५०००७२
इमेल: devghat.ruralmun@gmail.com, info@devghatmun.gov.np, वेबसाइट: devghatmun.gov.np

प.सं.: २०७७/७८

च.नं.:

मिति: २०७७/११/०२

## सूचना। सूचना॥ सूचना॥।

न्यूनतम रोजगारीमा संलग्न हुनका लागि निवेदन संकलन गर्ने \ गराउने बारे अत्यान्तै जरुरी सूचना।

प्रस्तुत बिषयमा रोजगारीको हक सम्वन्धी ऐन, २०७५ को दफा ११, रोजगारीको हक सम्वन्धी नियमावलि, २०७५ (पहिलो संशोधन,२०७७) बमोजिम आगामी आर्थिक बर्ष २०७८/०७९ मा यस देवघाट गाउँपालिकाको रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने १०० दिन बराबरको न्यूनतम रोजगारीमा संलग्न भई सार्वजनिक विकास निर्माणका काममा योगदान गर्न ईच्छुक बेरोजगार व्याक्तिहरुले **२०७७ फागुन महिना भित्रमा** आफूले स्थायी बसोवास गरेको वडा कार्यालयमा बेरोजगार व्याक्तिको सूचीमा सूचीकृत हुन निवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ। निवेदन सम्बन्धित वडा कार्यालय, रोजगार सेवा केन्द्र, देवघाट गाउँपालिका वा प्रधानमन्त्री रोजगार कार्यक्रमको वेव साईट hhttp://pmep.gov.np/publication/karyebidhi बाट निःशुल्क प्राप्त गर्न सकिने छ। निवेदन दिनका लागि न्यूनतम योग्यता र आवस्यक कागजातहरु तपशिल बमोजिम रहेका छन। सम्पूर्ण विवरण भरी वडा कार्यालयले प्रामाणित गरेका निवेदनहरुलाई मात्र ई.एम.आई.एस मा दर्ता गरिने हुँदा सो बमोजिम गर्नु \ गराउनु हुन समेत अनुरोध छ। थप जानकारिका लागि ९८४४२०९९६४, ९८४१५८१०११ वा ०५६-५०००६८ मा सम्पर्क गर्नुहुन अनुरोध छ।

तपशिल

१) यस कार्यक्रम अन्तर्गत सन्चालन हुने न्यूनतम रोजगारीले गरिव तथा जिवनयापन जोखिममा परेका वर्गलाई सामाजिक सुरक्षा र संरक्षण दिने उद्येश्य लिएको र एक आर्थिक वर्षमा न्यूनतम १०० दिन रोजगारीमा संलग्न नभएका, नेपाल सरकारले तोकेको न्यूनतम पारिवारिक बार्षिक आय भन्दा कम आम्दानी रहेका, कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजनामा संलग्न भई कार्य गर्न ईच्छुक परिवारका व्याक्तिहरु।

२) सम्वन्धित व्यक्तिको नागरिकताको फोटोकपी १ प्रति।

३) सम्वन्धित व्यक्तिको फोटो १ प्रति।

४) सम्वन्धित व्यक्तिको बैङ्क खाताको विवरण।

५) परिवारका सम्पूर्ण सदस्यको पारिवारिक तथा नागरिकताको विवरण (जन्म मिति, नागरिकता नम्वर र जारी मिति, शैक्षिक योग्यता, रोजगारिको अवस्था, सामाजिक सुरक्षा भत्ता बुझे \नबुझेको)।

६) आवस्यकतानुसार विवाह दर्ता वा बसाईसराई दर्ता प्रमाणपत्रको प्रतिलिपि।

७) सम्वन्धित व्यक्ति वा परिवारको सम्पर्क नम्वर (अनिवार्य)।

२०७७/११/०२

...........................

नरहरि सापकोटा
प्रमुख प्रशासकीय अधिकृत